# लोक सेवा आयोग

## नेपाल न्याय सेवा, कानून/सरकारी वकील समूह, राजपत्राङ्कित प्रथम श्रेणी, सहसचिव वा सो सरह (अप्राविधिक) पदको खुला प्रतियोगितात्मक लिखित परीक्षा

मितिः २०८०/९/७

समयः ३ घण्टा | पूर्णाङ्कः १००

पत्रः तृतीय

विषयः कानून र न्याय प्रशासन (Law and Administration of Justice)

तलका प्रश्नहरूको उत्तर बेग्लाबेग्लै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ ।

१. अपराध पीडित फौजदारी न्याय प्रणालीको एक अभिन्न अवयव (Component) हो । वास्तवमा फौजदारी न्याय प्रणालीको विकास मूलत: पीडितलाई न्याय दिनको लागि नै भएको मानिन्छ । नेपालको फौजदारी न्याय प्रणालीको इतिहासलाई हेर्दा पीडकलाई कानून बमोजिम सजाय दिलाउनमा बढी उन्मुख देखिन्छ । अपराध पीडकले कानून अनुसार सजाय पाएमा पीडितले न्याय प्राप्त गरेको महशुस हुन्छ । अपराधबाट पीडित व्यक्तिलाई कसूरको सूचना दिने सूचक वा कसूरको साक्षी/गवाहको रुपमा हेरिन्छ । यस अर्थमा अपराध पीडित फौजदारी न्याय प्रणालीको प्रस्थान बिन्दु (Departure point) मानिन्छ । समग्र फौजदारी न्याय प्रक्रियाको प्रारम्भ अपराध पीडितबाटै हुन्छ । "अपराध पीडित" भन्नाले फौजदारी अपराधबाट प्रत्यक्षरुपमा हानी वा क्षति व्यहोर्ने व्यक्ति भन्ने बुझिन्छ । फौजदारी न्याय प्रणाली र न्यायिक प्रक्रियाको शुरुवात अपराध पीडितबाटै हुने हुनाले अपराध अनुसन्धानलाई प्रभावकारी बनाई निष्पक्ष र स्वच्छ अभियोजन गरी दोषीलाई कानून बमोजिम दण्डित गराउनु र पीडितलाई न्यायको अनुभूति दिलाउनु फौजदारी न्याय प्रणालीको मूलभूत कार्य हो ।

नेपालले फौजदारी न्याय सम्बन्धी मानव अधिकारको अन्तर्राष्ट्रिय मापदण्डप्रति प्रतिबद्धता जनाई आएको अवस्था छ । फौजदारी न्याय प्रक्रियामा अवलम्बन गरिने अन्तर्राष्ट्रिय अध्यालेखहरुमा पीडित संरक्षण सम्बन्धी महत्वपूर्ण व्यवस्था गरिएको छ । संयुक्त राष्ट्र संघको महासभाको २९ नोभेम्बर, १९८५ को संकल्प लेख ४०/३४ द्वारा जारी गरिएको "अपराध र अख्तियारको दुरुपयोग पीडितका लागि न्याय सम्बन्धी आधारभूत सिद्धान्तको घोषणापत्र" पीडितको संरक्षण सम्बन्धी ऐतिहासिक अन्तर्राष्ट्रिय अध्यालेख हो । यसले न्यायमा पहुँच र स्वच्छ व्यवहार, प्रतिपूरण, क्षतिपूर्ति र सहायता जस्ता व्यवस्थालाई अपराध पीडितको अधिकार अन्तर्गत समावेश गरेको देखिन्छ ।

वर्तमान समयमा, गम्भीर र जघन्य कसूरमा अदालतबाट कसूरदार ठहर भई कैद सजाय भोगिरहेका कसूरका कसूरदारहरुलाई राज्य शक्तिको दुरुपयोग गरी वा त्यसको आडमा फौजदारी न्याय सम्बन्धी मानव अधिकारको अन्तर्राष्ट्रिय मापदण्ड, राष्ट्रको संवैधानिक र कानूनी व्यवस्था, फौजदारी न्यायका सर्वमान्य सिद्धान्त, दण्डनीति र सिद्धान्त, पीडित सम्बन्धी विधिशास्त्रीय मान्यता एवं पीडित संरक्षण सम्बन्धी न्यायिक सिद्धान्तको ठाडै उल्लङ्घन गरी प्रधानमन्त्रीमार्फत पेश हुने मन्त्रिपरिषद्को सिफारिश र सम्मतिको नामबाट राष्ट्रपतिले माफी दिने कार्यले मुलुकको सुशासनमा गम्भीर चोट पुगेको छ, दण्डहीनता मौलाउने अवस्था आएको छ, दण्डनीतिलाई चुनौती दिएको छ, राज्यव्यवस्था अराजकतातर्फ उन्मुख हुन लागेको छ, पीडितमाथि झन पीडा थपिँदै गएको छ र अपराध पीडितले कैदबाट माफी पाएकाहरुबाट झन असुरक्षा महशुस गरेको अवस्था छ ।

उल्लिखित तथ्यहरुको समीक्षात्मक विश्लेषण गर्दै सजायमा माफी सम्बन्धी संवैधानिक र कानूनी व्यवस्थामा के कस्ता सुधार गर्नुपर्दछ? सृजनात्मक र नवीन दृष्टिकोण राख्दै मौलिक शैली र ढाँचामा गहनतम एवं तार्किक सुझाबहरु प्रस्तुत गर्नुहोस् । साथै, ति सुझाव कार्यान्वयन गर्ने उपायंहरु प्रस्तुत गर्नुहोस् । २५

२. नेपालको संविधानले तीन तहका अदालती प्रणाली (Three Tier Court System) को निरन्तरता दिंदै न्यापालिकाको एकात्मक संगठन स्वरुप निर्धारण गरेको पाइन्छ । हालसम्म नेपालमा सर्वोच्च अदालत, उच्च अदालत र जिल्ला अदालतका अतिरिक्त उच्च अदालत सरहका विशेष अदालत, वैदेशिक रोजगार न्यायाधिकरण लगायत अन्य न्यायाधीकरणहरु समेतबाट न्याय सम्पादन भइरहेको छ । अदालत र न्यायिक निकायहरुको तह र संख्या धेरै हुनु मात्र न्याय प्रतिको पहुँच (Access to Justice) अभिबृद्धि गर्न पर्याप्त आधार हो भन्न सकिंदैन । तथापि संविधान र कानूनले स्थापना गरिसकेको अदालत वा न्यायिक निकायहरुको समयमै गठन र सञ्चालन व्यवस्थापनमा सरकारको तदारुकता नरहेको अवस्था न्यायका उपभोक्ताहरुका लागि सन्तोषप्रद कुरा होइन ।

संवैधानिक प्रत्याभूतिका बाबजुद अदालतले सम्पादन गरेको काम कारबाहीबाट अपेक्षाकृत न्यायको प्रत्याभूति र प्रवर्द्धन हुन सकेको पाइँदैन । न्यायाधीशलाई प्राप्त स्वविवेकाधिकारको समुचित रुपमा न्यायपूर्ण प्रयोग हुन पनि सकेन । प्रविधिमैत्री न्यायिक कार्यहरुको व्यवस्थापनप्रति न्यायपालिका स्वयम् र सरकार समेतको अनिच्छा (Unwillingness) रहेको समेत देखिन्छ । समय समयमा स्वयम् न्यायपालिकाकै निर्णयले गठन भएका विभिन्न सुधार सुझाब समितिहरुले अध्ययन प्रतिवेदनहरु समेत बुझाउँदै आएको अवस्था पनि छ । सर्वोच्च अदालतले विगत दुई दशकदेखि आफ्नो रणनीतिक योजनाको तर्जुमा र कार्यान्वयन गर्दै आएको भए तापनि समस्याहरुको सम्बोधन अपेक्षित रुपमा हुन सकेको पाइँदैन ।

यस सन्दर्भमा न्यायका उपभोक्ताहरुको न्यायप्रतिको पहुँचको सुनिश्चितता कायम गर्दै सक्षम न्याय प्रणालीको स्थापना तथा दिगो व्यवस्थापनका लागि निम्न बुँदाहरुमा केन्द्रीत रही विश्लेषणात्मक प्रस्तुति दिनुहोस् । २५

क) नेपालको न्याय प्रशासनभित्रका विद्यमान समस्याहरु

ख) वर्तमानमा रहेको न्याय प्रशासन सुधारका लागि अनुभूत गरेका र सम्भावित बाधक तत्वहरुको पहिचान

ग) अदालतको संगठनात्मक स्वरुप (Organizational Structure of the Court) मा सुधार, कुनै नयाँ नीति र योजनाको तर्जुमा वा सुधार गर्नुपर्ने भए त्यसको विधि र प्रक्रिया

घ) न्याय प्रशासनका सरोकारवाला अन्य निकायहरुको योजना तथा कार्यक्रम र अदालतको योजना तथा कार्यक्रमबीच रहनुपर्ने तादाम्यता

३. फौजदारी न्याय सम्पादनमा सपुर्दगी तथा आपसी कानूनी सहायता महत्त्पूर्ण मानिन्छ । खासगरी संगठित अपराध लगायत अन्तर्देशीय अपराधको अनुसन्धान, अभियोजन तथा पुर्पक्षको लागि अन्तर्राष्ट्रिय सहयोगको आवश्यकता पर्दछ । कतिपय अवस्थामा दुई वा दुईभन्दा बढी मुलुकका बिशेषज्ञ, प्राविधिकसहितको टोलीले संयुक्त अनुसन्धान गर्नुपर्ने हुन्छ । ठूला-ठूला भ्रष्टाचार, लागू औषध, मानव बेचबिखन, बिमान अपहरण, आतंकबाद लगायतका आर्थिक तथा वित्तीय अपराधको नियन्त्रणमा अन्तर्राष्ट्रिय सहयोग अपरिहार्य नै हुन आउँदछ । समसामयिक अन्तर्राष्ट्रिय कानूनमा यस प्रकारको अन्तर्राष्ट्रिय सहयोग आदानप्रदान गर्ने माध्यमको रुपमा सपुर्दगी सन्धि तथा आपसी कानूनी सहायता सम्बन्धी सम्झौताको आवश्यकता पर्दछ । यस्ता सन्धि, सम्झौता, महासन्धि द्विपक्षीय, क्षेत्रीय वा बहुपक्षीय प्रकृतिका रहने हुनाले यसै अनुरुप विभिन्न राष्ट्रहरु यस्ता दस्तावेजहरुका पक्ष रहेका हुन्छन् ।

नेपालको सन्दर्भमा हालसम्म कुनै पनि मुलुकसँग आपसी कानूनी सहायता सम्बन्धी सन्धि, सम्झौता सम्पन्न नगरेको अवस्था छ । सपुर्दगी सन्धिको हकमा सन् १९५३ मा भारतसँग द्विपक्षीय सपुर्दगी सन्धि गरेको छ तर यो सन्धिको प्रयोग एउटा मुद्दामा बाहेक अन्यमा भएको छैन र हाल प्रयोजनहीन (Obsolete) अवस्थामा रहेको पाइन्छ । भारतसँग नयाँ सन्धि, सम्झौता गर्न विभिन्न चरणमा वार्ता भई गृह सचिवस्तरमा प्रारम्भिक हस्ताक्षरसम्म भएको छ तर पूर्ण हस्ताक्षर भई प्रकृयामा अगाडि बढ्न सकेको छैन । अन्य केही छिमेकी तथा पश्चिमी मुलुकहरुबाट समेत यस्ता सन्धि, सम्झौताका लागि चाहना राखेका तर सम्पन्न हुन नसकेको बुझिन्छ । यसका अतिरिक्त नेपाल सपुर्दगी तथा आपसी कानूनी सहायताको व्यवस्था भएका बहुपक्षीय तथा क्षेत्रीय महासन्धिको पक्ष राष्ट्र रहेको छ तर यी महासन्धिका व्यवस्थाहरु पनि व्यवहारमा प्रयोग भइरहेको पाइँदैन । राष्ट्रिय कानूनको रुपमा भने सपुर्दगी ऐन तथा आपसी कानूनी सहायता सम्बन्धी ऐन लागू भएका छन् । तथापि द्विपक्षीय सन्धि, सम्झौताको अभावमा यी कानूनी व्यवस्था सक्रिय हुन नसकेको देखिन्छ । केही अवस्थामा द्विपक्षीय वा बहुपक्षीय अन्तर्राष्ट्रिय सहयोग आवश्यक पर्ने कसूरको अनुसन्धानमा औपचारिक संयन्त्रको प्रयोग नगरी अनौपचारिक संयन्त्रको प्रयोग गर्ने गरिएको भनी आलोचना हुने गरेको पनि देखिन्छ ।

यस पृष्ठभूमिमा फौजदारी अपराधको रोकथाम, नियन्त्रणको लागि सपुर्दगी तथा आपसी कानूनी सहायताको आवश्यकता र नेपालको वर्तमान स्थितिको बारेमा विस्तृतरुपमा समीक्षा गर्दै नेपालमा यस्ता द्विपक्षीय वा बहुपक्षीय सन्धि, सम्झौता सम्पन्न गर्न तथा प्रयोग गर्नका लागि के कस्ता समस्या रहेको पाउनुहुन्छ? यी सन्धि, सम्झौता सम्पन्न हुन नसकेको अवस्थामा वैकल्पिक उपायहरु के के हुन सक्दछन्? समस्याहरु समाधानका लागि तर्कयुक्त सुझाब प्रस्तुत गर्नुहोस् । २५

४. संविधानसभाले जारी गरेको नेपालको संविधानले सबै प्रकारको जातीय छुवाछुतको अन्त गरी समतामूलक समाज निर्माण गर्ने संकल्प गरेको छ । संविधानले नेपाल बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसाँस्कृतिक विशेषतायुक्त राष्ट्रको रुपमा परिभाषित गर्दै मौलिक हक अन्तर्गत समानताको हकलाई सुनिश्चित गरेको छ । जस अनुसार उत्पत्ति, धर्म, वर्ण, जात, जाति, लिङ्ग, शारीरिक अवस्था,

क्रमशः.....

अपाङ्गता, स्वास्थ्य स्थिति, वैवाहिक स्थिति, गर्भावस्था, आर्थिक अवस्था, भाषा वा क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा भेदभाव नगरिने कुराको प्रत्याभूति गरेको छ। संविधानले कुनै पनि व्यक्तिलाई निजको उत्पत्ति, जात, जाति, समुदाय, पेशा, व्यवसायको आधारमा कुनै पनि निजी तथा सार्वजनिक स्थानमा कुनै प्रकारको छुवाछुत वा भेदभाव नगरिने कुराको प्रत्याभूत गरेको छ। यसैगरी संविधानले जातीय विभेदलाई कुनै पनि किसिमले प्रोत्साहन गर्न नपाउने व्यवस्था गरेको छ। यिनै सिद्धान्त र मान्यतालाई जातीय तथा अन्य सामाजिक छुवाछुत तथा भेदभाव (कसूर र सजाय) ऐन, २०६८ ले समेत स्वीकार गरी दण्ड सजाय र क्षतिपूर्ति समेतको व्यवस्था गरेको छ।

नेपालले मानव अधिकारप्रतिको प्रतिबद्धतालाई संविधानको प्रस्तावनामा नै उल्लेख गरी मानव अधिकार सम्बन्धी विभिन्न विषयहरुलाई मौलिक हक अन्तर्गत समावेश गरेको छ। संविधान प्रदत्त मानव अधिकारको उल्लंघन भएमा उपचार प्रचलनका लागि संवैधानिक उपचारको हकसमेतको सुनिश्चितता गरेको छ। यसैगरी नेपालले मानव अधिकार सम्बन्धी विभिन्न अन्तर्राष्ट्रिय अनुबन्ध र महासन्धिलाई अनुमोदन गरी ती अनुबन्ध र महासन्धिहरुले गरेको व्यवस्थालाई कार्यान्वयन गर्ने दायित्वसमेत ग्रहण गरेको छ। राज्यको कर्तव्य र दायित्वको सन्दर्भमा एकातर्फ शान्ति सुरक्षा भङ्ग हुन लागेको अवस्थामा आवश्यकता अनुसारको बलको समेत प्रयोग गर्नुपर्ने हुन्छ भने अर्कोतर्फ बल प्रयोगको औचित्य सिद्ध गर्नुपर्ने जिम्मेवारी पनि रहेको छ।

अन्तर्राष्ट्रिय मानव अधिकार सम्बन्धी दस्तावेज, नेपालको संविधान, प्रचलित कानून, न्याय र कानूनका मान्य सिद्धान्तको पृष्ठभूमिमा देहायको घटनाको अध्ययन गर्नुहोस्।

नेपाली समाजका विभिन्न समुदायहरुमध्ये जनैधारी समुदायले मान्दै आएको जनै पूर्णिमाका दिन एक चिया पसलमा ५ जना व्यक्तिहरु विभिन्न विषयमा गफ गर्दै बसिरहेको अवस्थामा एक जना पण्डित (पुरोहित) विभिन्न व्यक्तिहरुलाई हातमा डोरो बाँध्दै आउने क्रममा उक्त चिया पसलमा समेत रहेका ५ जनामध्ये ३ जनालाई डोरो बाँधिदिएछन्। बाँकी रहेका २ जनाले हामीलाई डोरो बाँधिदिनुस् भन्दा पण्डितले डोरो सकियो भनी नबाँधी निस्कन लाग्दा बादबिवाद भई शान्ति नै भङ्ग हुने अवस्था श्रृजना भएकाले सुरक्षाकर्मीलाई समेत खबर गरिएछ। हामी २ जनालाई दलित भनेर नबाँधेको हो भन्ने ती २ जनाको भनाई र दलित भन्ने थाहा नै छैन भन्ने पण्डितको जिकिर रहेको छ। प्रहरीले दुबै पक्षलाई प्रहरी कार्यालयमा लगी सोधपुछ गर्दा पनि त्यही कुरा दुबै पक्षले जिकिर गरेछन्।

यस घटनाका साथै माथि पृष्ठभूमिको सन्दर्भलाई समेत मनन् गरी श्रृजित देहायका प्रश्नहरुको तर्कपूर्ण समाधान प्रस्तुत गर्नुहोस्। ९+८+८=२५

क) प्रस्तुत घटनाका सम्बन्धमा पण्डितको कार्य प्रचलित कानून बमोजिम कसूरजन्य हो/होइन? निजहरु दलित हुन् भन्ने जानकारी नभएको अवस्थामा जबरजस्ती कारबाही र सजाय गर्ने गरी मुद्दा चलाउन खोज्नु मानव अधिकारको उल्लंघन हो भन्ने पण्डितको जिकिर उचित छ/छैन? कारणसहित स्पष्ट पार्नुहोस्।

ख) संविधान र कानूनले आत्मसात गरेका सिद्धान्त, मान्यता र व्यवस्थालाई व्यवहारमा रुपान्तरण गरी विभेद बिरुद्धको समाज स्थापना गर्न के कस्तो रणनीति र कार्ययोजना बनाई कार्यान्वयन पक्षलाई प्रभावकारी बनाउन सकिन्छ? उल्लेख गर्नुहोस्।

ग) शान्ति सुव्यवस्था कायम गर्ने दायित्व र मानव अधिकारको संरक्षण गर्नुपर्ने जिम्मेवारीका बीच कसरी सन्तुलन कायम गर्न सकिन्छ? तर्कपूर्ण आधारहरु प्रस्तुत गर्नुहोस्।

««समाप्त»»